मिति २०८२।०९।१७ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित

**नेपाल सरकार**

# वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश, रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नम्बर १ र २ लाई प्रत्यक्ष प्रभावित पार्ने गरि श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको सम्बन्धमा ।

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/१७

नेपाल सम्वत् ११४६ पोहेलाथ्व त्रयोदशी

प्रस्तावक श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडद्वारा निर्माणका लागि प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित प्रसारण लाईनको टावर निर्माण तथा क्षेत्राधिकारका लागि ०.४८६ हे. (लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेको निजी स्वामित्वको ०.१२६ हेक्टर र लामटाङ राष्ट्रिय निकुञ्जको ०.३६० हेक्टर वन क्षेत्र) जग्गा प्रयोग गरिनेछ ।

आयोजना सम्बन्धमा विस्तृत विवरण देहाय अनुसार छ ।

**आयोजनाका मुख्य विशेषताहरु:**

| क्र.सं. | विवरणहरू | विशेषताहरू |
|---|---|---|
| १ | सामान्य विवरण: | |
| | आयोजनाको नाम | रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन |
| | प्रस्तावक | श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड |
| | प्रदेश | बागमती |
| | जिल्ला | रसुवा |
| | स्थानीय तह | गोसाईकुण्ड गाउँपालिका वडा नम्बर १ र २ |
| | आयोजनाको प्रकार | विद्युत प्रसारण लाईन |
| | शुरुवाती विन्दु | रसुवागढी जलविद्युत आयोजनाको टेकअफ यार्ड |
| | अन्तिम विन्दु | चिलिमे हब सबस्टेशन |
| | अनुमानित लम्बाइ | २५० मिटर |
| | प्रसारण लाइनको प्रकार | १३२ के.भी. |

अत: वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकाले श्री रसुवागढी हाइड्रोपावर कम्पनी लमिटेडद्वारा प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको web site: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त रायसुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिन हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

**रायसुझाव पठाउने ठेगाना:**
**वन तथा वातावरण मन्त्रालय**
**वातावरण प्रभाव अध्ययन शाखा**
**सिंहदरवार, काठमाडौं ।**
**फोन नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८**
**Email: info@mofe.gov.np**